# सूर्योदय नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समिति कार्यसञ्चालन कार्यविधि, २०७९ (पहिलो संशोधन), २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०१।०५

**प्रस्तावनाः** सूर्योदय नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समिति कार्यसञ्चालन कार्यविधि, २०७९ मा भएका केही व्यवस्थाहरूलाई संशोधन गर्न कार्यविधिको दफा २६ मा भएको व्यवस्थाका आधारमा संशोधन गर्न बाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समिति कार्यसञ्चालन कार्यविधि (पहिलो संशोधन), २०८१ स्वीकृत गरी लागु गरिएको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम सूर्योदय नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समिति कार्यसञ्चालन कार्यविधि (पहिलो संशोधन), २०८१" हुनेछ।

(२) यो कार्यविधि सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. परिभाषाः (१) विषय र प्रसङ्गले अकर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समिति कार्यसञ्चालन कार्यविधि, २०७९ लाई सम्झनु पर्छ।

३. मूल कार्यविधिको दफा ४(२) को (घ) मा अनुगमन तथा सुपरीवेक्षणको मासिक" पछि "समीक्षा बैठक बसी" भन्ने वाक्यांश थप गरिएको छ।

४. मूल कार्यविधिको दफा ४(२) को (ज) मा अनुगमन कार्यको" पछि "समीक्षाझ बैठक बसी" भन्ने वाक्यांश थप गरिएको छ।

५. मूल कार्यविधिको दफा ४(२) को (ज) मा झअनुगमन कार्यको पछि "समीक्षा बैठक बसी" भन्ने वाक्यांश थप गरिएको छ।

६. मूल कार्यविधिको दफा ४ पछि देहायको दफा ४क, थप गरिएको छ।

४क, अनुगमन तथा मूल्याङ्कन सुविधाः (१) दफा ३ को उपदफा (१) अनुगमन तथा मूल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीले देहायको मापदण्डमा रहेर अनुगमन सुविधा प्राप्त गर्नेछन्।

| | |
|---|---|
| क) अनुगमन खाना/ खाजा खर्च- | नगरपालिकाले तोकेको मापदण्ड अनुसार |
| ख) मासिक वार्षिक बैठक भत्ता- | सूर्योदय नगरपालिकाको प्रचलित नियम र मापदण्ड अनुसार |
| ग) सवारी साधनको सुविधा- | कार्यालयले व्यवस्थापन गर्ने |